# जिल्ला समन्वय समितिको कार्यालय

# इलाम

सुचनाको हक सम्वन्धि ऐन २०६४ को दफा ५ र सुचनाको हक सम्वन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## जिल्ला समन्वय समितिको कार्यालय, इलामको आ.व. २०८१/०८२ तेश्रो त्रैमासिक अवधिको प्रगति विवरण




कृष्ण बहादुर कार्की

सुचना अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय, इलाम

# जिल्ला समन्वय समितिको कार्यालय

# इलाम

## १ निकायको स्वरुप र प्रकृति

नेपालको संविधान २०७२ को धारा २२० मा जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु विच समन्वय गर्न एक जिल्ला सभा रहने व्यवस्था रहेको छ ।

जिल्ला सभामा जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उप प्रमुख सदस्य रहने र गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले ३० दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्ने व्यवस्था रहेको छ ।

जिल्ला सभाले एक जना प्रमुख, एक जना उप प्रमुख, कम्तिमा तीन जना महिला र एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने र जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पुर्ण कार्य सम्पादन गर्ने व्यवस्था रहेको छ ।

## २ जिल्ला सभाको काम कर्तव्य र अधिकार

**संविधानको धारा २२० उपधारा (७) अनुसार जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाह बमोजिम हुनेछ ।**

(क) जिल्ला भित्रका गाउँपालिका र नगरपालिका विच समन्वय गर्ने

(ख) विकास तथा निर्माण सम्वन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने

(ग) जिल्लामा रहने संघीय, प्रदेस सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका विच समन्वय गर्ने

(घ) प्रदेस कानुन बमोजिमका अन्य कार्यहरु गर्ने

(२) संविधानको धारा २२० उपधारा (३) अनुसार जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पुर्ण कार्य सम्पादन गर्नेछ ।

**प्रदेस सभाले बनाएको जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विकास कार्यमा समन्वय

(१ ) जिल्लाको समग्र विकास सम्वन्धि जिल्लास्तरिय नीति र मापदण्ड तर्जुमा गरि स्थानीय तह मार्फत कार्यान्वयन गर्न सहजिकरण गर्ने,

( २) जिल्लाको गौरव तथा दुइ वा सो भन्दा बढी स्थानीय तहका रणनीतिक महत्वका आर्थिक, सामाजिक, पर्यटन तथा वातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको

पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुमा गर्ने र नेपाल सरकार, प्रदेस सरकार, स्थानीय तह, गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र विच समन्वय गर्ने,

(३) जिल्ला भित्रका दुई वा सो भन्दा बढी स्थानीय तहका विचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरि सो को कार्यान्वयनमा सहजिकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेस सरकारी कार्यालय र स्थानीय तह विच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सरकारी एवम् सामुदायिक संघ संस्था, जिल्लास्तरिय संजालहरु विच एकिकृत योजना तर्जुमा प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्ला भित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणिय प्रभाव मुल्याँकन, प्रकोप तथा विपद व्यवस्थापन सम्वन्धि अध्ययन, अनुसन्धान गर्ने र अन्तर स्थानीय तह विचका त्यस्ता योजना र कार्यक्रमको संचालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

(६) जिल्ला भित्रको विकास तथा निर्माण सम्वन्धि कार्यमा स्थलगत, समुदायगत, विषयगत, क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए/ नभएको सम्वन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरि विकास निर्माण सम्वन्धि कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेस सरकार र स्थानीय तह र सरोकारवाला निकायहरुलाई सुझाव दिने

(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने

(८) जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमन बाट प्राप्त निष्कर्षका बारेमा सम्वन्धित कार्यालयमा लेखि पठाउने

(९) जिल्ला भित्र संचालित संघीय र प्रदेसस्तरिय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजिकरण र सहयोग गर्ने

(१०) जिल्लास्तरिय अन्तरपालिका खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरि उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर पालिकाबिच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने

(११) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानिय तह सम्वन्धि बिषय हेर्ने प्रदेस सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतालिस दिन भित्र प्रतिवेदन पेश गर्ने

(ख) अनुगमन सम्वन्धि कार्य

(१) विधुतिय प्रणालीमा जिल्ला अनुगमन विष्लेषण प्रणालीको स्थापना र संचालन गर्ने

(२) जिल्ला भित्रका नेपाल सरकार तथा प्रदेस सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालु योजना र कार्यक्रमहरु सम्वन्धित स्थानीय तहसँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा

योगदान भए नभएको, तथा सेवाको गुणस्तर परिणाम र समय कायम भए नभएको विषयमा अनुगमन गरि नेपाल सरकार तथा प्रदेस सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने

(३) स्थानीय तहको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरि आवश्यक परिपालना गर्न सुझाव दिने

(क) स्थानीय तहबाट संवैधानिक तथा कानुनी परिपालनाको विषय

(ख) वित्तिय व्यवस्थापन तथा प्रभावकारिताको विषय

(ग) सुशासन प्रवर्द्धन को विषय

(घ) पदाधिकारीहरुको सुमधुर अन्तरसम्वन्धको विषय

(४) कानुन बमोजिम गाउँसभा /नगरसभा संचालन भए नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानुन बमोजिम गर्न सुझाव दिने

(५) जिल्ला भित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, विषयगत, क्षेत्रगत संजालबाट संचालन भइरहेको चालु योजना र कार्यक्रमहरुको स्थलगत, विषयगत, क्षेत्रगत लगायतको सन्तुलन भए/ नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरि आवश्यक सुझाव दिने

(ग) सुचना तथ्याँक तथा अभिलेख व्यवस्थापन कार्य

(१) जिल्ला सुचना तथा अभिलेख केन्द्र स्थापना तथा संचालन गर्ने

(२) नविनतम सुचना प्रविधिको प्रयोग गरि जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पुर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैँगिक सशत्तिकरण सुचकांक, राजस्व तथा आय व्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरि नविनतम प्रविधियुक्त र राष्ट्रिय र स्थानीय सुचना प्रणालीमा अध्यावधिक गर्ने र जिल्ला पाश्र्वचित्र, जिल्लाको श्रोत नस्सा, भौगोलिक सुचना प्रणाली अध्यावधिक गरि अभिलेख राख्ने

(३) जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल व्यवसायको विवरण सहितको तथ्यांक संकलन गरि अध्यावधिक अभिलेख राख्ने

(४) जिल्ला भित्र सम्पन्न भएका तथा संचालित चालु विकास आयोजना तथा परियोजनाको लगत राख्ने

(५) जिल्ला भित्रका स्थानीय तहले तर्जुमा गरेका कानुनहरुको अभिलेखिकरण गर्ने

(६) जिल्लास्तरिय अन्य आवश्यक तथ्यांक तथा सुचनाको संकलन तथा अभिलेखन गर्ने

(घ) क्षमता विकास कार्य

(१) स्थानीय तहको आवश्यकता र माग बमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरि त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने

(२) जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासका लागि प्रदेस तथा संघसँग समन्वय गर्ने

(३) स्थानीय तहमा दिगो विकासका लक्ष्यसँग सम्वन्धित सुचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने

(४) जिल्लाको विशिष्ठता अनुसार स्थानीय तहबाट अभियानात्मक विकास गतिविधि संचालन गर्न आवश्यक ज्ञान, सिप अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक कार्य गर्ने

(५) राजस्वको क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरि त्यस्तो श्रोतको उच्चतम परिचालनका लागि स्थानीय तहलाई तालिम, अभिमुखिकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने

(६) जिल्लास्तरिय विभिन्न संजालहरुको संस्थागत क्षमता विकास सम्वन्धि कार्य गर्ने

(ङ) व्यवस्थापन कार्य

जिल्ला भित्रका दुइ वा सो भन्दा बढी स्थानीय तहले आफ्नो कार्य संचालन गर्दा लागत न्युनिकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्ला सभा मार्फत साझेदारी सम्झौता वा संयुक्त व्यवस्थापनमा गर्न सक्नेछ

(१) जिल्लास्तरिय यातायातको संचालन तथा व्यवस्थापन नीति, मापदण्ड, तर्जुमा र अनुगमन

(२) आधारभुत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको संचालन, प्रवर्द्धन र विकास

(३) फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र संचालन

(४) बृहत पुर्वाधार निर्माण ठुलो मेसिन औजार खरिद र व्यवस्थापन

(५) बस्ति विकास तथा भु उपयोग योजना

(६) पर्यटन प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास

(७) दमकल तथा एम्वुलेन्स सेवाको संचालन

(८) असल अभ्यास र अनुभव आदान प्रदान

(च) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन

(१) जिल्ला भित्र कुनै प्राकृतिक प्रकोप वा कुनै विपद देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्ला भित्रका सवै स्थानीय तहविच समन्वय गरि एकिकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने

(२) विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सवै निकायविच उद्धार तथा राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने

(३) विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेस सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने

(छ) भाषा कला र संस्कृति संरक्षण तथा प्रवर्द्धन सम्वन्धि कार्य

(१) जिल्ला भित्र प्रचलनमा रहेको भाषा, कला, संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय तह तथा प्रदेस सरकार विच समन्वय गर्ने

(२) जिल्लाको भाषा, कला, संस्कृति संरक्षण सम्वन्धि कार्य गर्ने

(३) जिल्ला भित्रका गैर सरकारी संस्था, दातृ निकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा कला संस्कृतिको प्रवर्द्धन गर्ने

## ३ जिल्ला समन्वय समितिका निर्वाचित पदाधिकारीहरुको विवरण

| सि.नं. | पदाधिकारीको नाम | पद | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | जय प्रकाश राई | प्रमुख | माङसेबुङ-२ | ९८५२६८१२७४ |
| २ | चित्रकला वराइली | उप प्रमुख | सुर्योदय-६ | ९८४२६८७४३२ |
| ३ | प्रेमराज गुरुङ | सदस्य | रोङ-३ | ९८५२६७३८३३ |
| ४ | शेर बहादुर खालिङ | सदस्य | इलाम-२ | ९८६३६७७८१८ |
| ५ | मीना कुमारी राई | सदस्य | चुलाचुली-६ | ९७४२६९१४८८ |
| ६ | तृष्णा लोहार | सदस्य | सुर्योदय-३ | ९८२४०८६८६५ |
| ७ | सपना देवी राई शेर्पा | सदस्य | सुर्योदय-४ | ९८०७९८७६०३ |
| ८ | राम प्रसाद लिम्वु | सदस्य | माइ न.पा.-७ | ९८४०९९९४०० |
| ९ | सीता कार्की | सदस्य | सन्दकपुर | ९८४२७९९६४० |

## ४ विध्यमान दरवन्दी संरचना तेरिजको विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्धि. | नेपाल प्रशासन | सा.प्र. | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन | सा.प्र. | १ | |
| ३ | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ | सिभिल | १ | |
| ४ | नायव सुव्वा | रा.प.अनं प्र. | नेपाल प्रशासन | सा.प्र. | १ | |
| ५ | लेखा सहायक | रा.प.अनं प्र. | नेपाल प्रशासन | लेखा | १ | |
| ६ | सव इन्जिनियरिङ | रा.प.अनं प्र. | इन्जिनियरिङ | सिभिल | १ | |
| ७ | खरिदार | रा.प.अनं द्धि. | नेपाल प्रशासन | सा.प्र. | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | |
| ९ | हलुका सवारी चालक | श्रेणीविहिन | | | १ | |
| जम्मा | | | | | १२ | |

करार सेवा प्रयोजन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ना.सु. | रा.प.अनं प्र. | | | १ | प्रमुखज्यू को निजी सचिवालय |

## ५ जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरु

- जिल्ला भित्र रहेको संघीय र प्रादेशिक कार्यालय तथा स्थानीय तह विच समन्वय गर्ने
- बार्षिक समिक्षा आयोजना गर्ने
- जिल्ला भित्र रहेको संघीय र प्रादेशिक कार्यालय तथा स्थानीय तहबाट सम्पादित कार्यहरुको अनुगमन
- जिल्लाको समग्र विकास सम्वन्धि जिल्लास्तरिय नीति र मापदण्ड तर्जुमा गर्न सहजिकरण गर्ने,
- स्थानीय तहहरुको संस्थागत क्षमता स्वमुल्याँकन परिक्षण र वित्तिय जोखिम विश्लेषण

## ६ जिल्ला समन्वय समितिको कार्यालयमा रहेका शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | कर्मचारीको नाम | पद | श्रेणी | सेवा | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रेम कुमार काफ्ले | जिल्ला समन्वय अधिकारी | रा.प.द्धि. | नेपाल प्रशासन | १ | |
| | **व्यवस्थापन शाखा** | | | | | |
| २ | कृष्ण बहादुर कार्की | शाखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन | १ | |
| ३ | बिरध्वज लिम्वु | नायव सुव्वा | रा.प.अनं प्र. | नेपाल प्रशासन | १ | |
| ४ | बसन्त शर्मा | लेखापाल | रा.प.अनं प्र. | नेपाल प्रशासन | १ | |
| ५ | | खरिदार | रा.प.अनं द्धि. | नेपाल प्रशासन | १ | रिक्त |
| ६ | कुमार निरौला | सुचना प्रविधि समन्वयकर्ता | | | | कार्यक्रम तर्फ |
| ७ | प्रेम बहादुर राई | ह.स.चा. | | | २ | |
| ८ | सोम कुमार राई | ह.स.चा. | | | | |
| १० | कमल खनाल | कार्यालय सहयोगी | श्रेणीविहिन | | ३ | |
| ११ | घनेन्द्र दाहाल | कार्यालय सहयोगी | श्रेणीविहिन | | | |
| १२ | कपिला तिम्सिना | कार्यालय सहयोगी | श्रेणीविहिन | | | |
| | **अनुगमन शाखा** | | | | | |
| १३ | लोकेश राज चौधरी | इन्जिनियर | रा.प.तृ. | इन्जिनियरिङ | १ | |
| १४ | | सव इन्जिनियरिङ | रा.प.अनं प्र. | इन्जिनियरिङ | १ | रिक्त |

## ७ हल भाडा

| सि.न. | विवरण | इकाइ | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ठुलो हल | प्रति दिन | ३,५००।०० | |
| २ | सानो हल | प्रति दिन | ३,०००।०० | |

## ८ निर्णय गर्ने प्रकृया र अधिकारी

क. नीतिगत निर्णयहरु जिल्ला सभा बैठक बाट

ख. प्रकृयागत निर्णयहरु जिल्ला समन्वय समिति बैठक र प्रमुखबाट

ग. कार्यालय सम्वन्धि निर्णयहरु जिल्ला समन्वय अधिकारीबाट

**९ आ.व. २०८१/०८२ तेश्रो त्रैमासिक अवधिमा सम्पादित कामको विवरण**

- आ.व.२०८१/०८२ को तेश्रो त्रैमासिक अवधिका जिल्ला समन्वय समितिको मासिक बैठक ६ पटक वसी विभिन्न निर्णय गरिएको ।
- जिल्ला समन्वय समितिको कार्यालय र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सहकार्यमा इलाम जिल्ला भित्रका सवै स्थानीय तहका प्रमुख उपप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतहरुका लागि मिति २०८१/१०/१७ गते वित्त व्यवस्थापन तथा स्थानीय योजना विषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
- इलाम जिल्लाका दश वटै स्थानीयतहरुबाट पेश गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास सम्वन्धी तथ्याङकहरु Online माध्यमबाट प्राप्त गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको ।
- माङसेवुङ गाउँपालिकाको माग वमोजिम नदी जन्य प्रदार्थ उत्खनन् संकलन र विक्री सम्वन्धी जिल्ला अनुगमन समितिको बैठक वसि राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति खुमलटार ललितपुरमा सिफारिस गरिएको ।
- विभिन्न संघ संस्थाहरुबाट समन्वयको लागि समन्वय गरिदिनु भनी आएको अनुरोधलाई विभिन्न स्थानहरुमा समन्वय गरिएको ।
- जिल्ला समन्वय समितिको कार्यालय भवनको मर्मत सम्भार गरिएको ।
- जिल्ला समन्वय समिति इलामका उपप्रमुखज्यूको नेतृत्वमा मिति २०८१/११/१२ गते इलाम नगरपालिका क्षेत्रमा संचालित ३ वटा आयोजनाहरुको अनुगमन गरि अनुगमनका क्रममा देखिएका विषयहरु समेटी जिल्ला समन्वय समितिको तर्फबाट प्रतिवेदन सहितको पृष्ठपोषण सम्वन्धित निकायमा पठाइएको ।
- इलाम जिल्ला भित्र रहेका संघीय तथा प्रदेस कार्यालय र स्थानीय तहहरुबाट आ.व. २०८१/०८२ मा संचालन भइरहेका आयोजनाहरुको प्रगति समिक्षा गर्न मिति २०८१/११/ २० र २१ गते अर्धबार्षिक समिक्षा वैठक आयोजना गरि समिक्षा बैठकमा देखिएका विषयहरु समेटी तयार गरिएको प्रतिवेदन तालुक निकायहरुमा प्रेषित गरिएको ।
- जिल्ला समन्वय समिति महासंघबाट सोलुखुम्वु जिल्लाको सल्लेरीमा आयोजना गरिएको बैठकमा जिसस प्रमुखज्यू तथा उपप्रमुखज्यू सहभागी हुनु भएको ।

**१० सुचना अधिकारी र प्रमुखको नाम र पद**

क प्रमुखको नाम : प्रेम कुमार काफ्ले

पद : जिल्ला समन्वय अधिकारी

ख सुचना अधिकारी : कृष्ण बहादुर कार्की

पद : शाखा अधिकृत

## ११ ऐन नियम विनियम वा निर्देशिकाको सुची

- स्थानीय सरकार संचालन ऐन, २०७४
- जिल्ला सभा ऐन, २०७५
- जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५
- जिल्ला सभा संचालन (कार्यविधि)ऐन, २०७५

## १२ आम्दानी खर्च तथा आर्थिक कारोवार सम्मन्धि अध्यावधिक विवरण

जिल्ला समन्वय समितिको कार्यालय इलाम

आ.व. २०८१/०८२ तेश्रो त्रैमासिक अवधिसम्मको खर्चको फाटवारी

| वित्तिय संकेत नं | खर्च संकेतको नाम | अन्तिम बजेट | चैत्र महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | चैत्र महिनाको खर्च | चैत्र महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २६४१२ | सशर्त चालु अनुदान | १४७३३०००.०० | १०२०८९२८.९२ | ९११७७२९.९४ | १०८१८३८.९८ | १०१९९५६८.९२ | ०.०० | १०१९९५६८.९२ | ४५३३४३१.०८ |
| | कुल जम्मा | १४७३३०००.०० | १०२०८९२८.९२ | ९११७७२९.९४ | १०८१८३८.९८ | १०१९९५६८.९२ | ०.०० | १०१९९५६८.९२ | ४५३३४३१.०८ |

कृष्ण बहादुर कार्की

सुचना अधिकारी (शाखा अधिकृत)